# २५

# सामुदायिक वन सफल भयो, जीवनस्तर सुध्रेन

## सुबोध गौतम

अन्तर्राष्ट्रिय रूपमा सफल मानिएको 'सामुदायिक वन' अवधारणाले पच्चीस वर्ष पार गर्दैछ । सफल मानिएको यो कार्यक्रमले सर्वसाधारणको जीवनस्तर भने सुधार्न नसकेको विज्ञले औंल्याएका छन् । यसलाई सम्बन्धित अधिकारीहरूले समेत स्वीकारेका छन् ।

सामुदायिक वनलाई 'सुशासनको उदाहरण, जीविकोपार्जन साधन र जैविक विविधताको थलो' बनाउनुपर्ने विज्ञले सुझाव दिएका छन् । सामुदायिक वन महाशाखाका पूर्वप्रमुख कृष्णबहादुर श्रेष्ठले *कान्तिपुर*सँग भन्नुभयो, "वन संरक्षणसँगै गरिबी निवारणतर्फ जानुपर्छ ।" उहाँका अनुसार यसमा अझै सामाजिक, राजनीतिक, प्रशासनिक र प्राविधिक समस्या छन् । "ठूलाबडाले मात्र उपयोग गरेका छन्, यसलाई गरिबमुखी बनाउनुपर्छ," उहाँले भन्नुभयो ।

२०३५ सालमा शुरु भएको यो कार्यक्रमले तराई, भित्री मधेश र पहाड गरी झण्डै एक लाख हेक्टर भू-भाग ओगटेको छ । वन संरक्षणमा ११ हजार ८ सय ६० उपभोक्ता समूह छन् । एउटा समूहमा १५ देखि एक सय पचास जनाको सहभागिता छ । पहाड र मध्यपहाडमा समूहको सङ्ख्या बढी छ । झण्डै १३ लाख जनता सामुदायिक वन संरक्षण र उपयोगमा सहभागी छन् ।

"वन संरक्षणमा लागेका उपभोक्ता समिति र समूहलाई अझ पारदर्शी र उत्तरदायी बनाउनुपर्छ," उहाँले भन्नुभयो । श्रेष्ठले अहिले वन संरक्षणमा समूहभन्दा समिति हावी भएको र निर्णायक तहमा टाठाबाठाको बोलबाला र सहभागितामा पनि उनीहरूकै बाहुल्य रहेको उल्लेख गर्नुभयो ।

यी समस्यामा विज्ञ मात्र नभई सम्बन्धित सरकारी अधिकृत र संरक्षण क्षेत्रका व्यक्ति समेत सहमत छन् । सामुदायिक वन महाशाखाका प्रमुख डा. केशवराज कणेलले सरकारले सामुदायिक वनलाई सुशासन, जीविकोपार्जन र विविधता संरक्षणतर्फ

*कान्तिपुर* १८ जेठ २०६०, पृ. १ मा प्रकाशित ।

लैजाने गृहकार्य गरिरहेको जानकारी दिनुभयो । "हामी यी तीन विषयमा केन्द्रित भएर जाँदैछौँ," उहाँले भन्नुभयो ।

कणेलका अनुसार वनको दिगो संरक्षण गर्दै त्यसलाई बढीभन्दा बढी सदुपयोग गरेर गरिबी निवारणतर्फ जाने लक्ष्य सरकारको छ । "अब यसरी भएन, हामी अझ गहिराइमा पुगेर वनभित्रका बहुमूल्य जडीबुटी र वनस्पतिको पहिचान गरी ती वस्तुलाई बजारसम्म पुऱ्याउनुपर्छ," उहाँले भन्नुभयो ।

सामुदायिक वनमा सुशासन कायम गर्न संस्थागत विकासमा जोड दिनुपर्ने डा. कणेलले बताउनुभयो । "वन उपभोक्ता समिति र समूहको विकास नै संस्थागत विकास हो," उहाँले भन्नुभयो- "यसका लागि उनीहरूलाई प्राविधिक र वैज्ञानिक ज्ञान दिनुपर्दछ ।"

सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष भीमप्रसाद श्रेष्ठले कतिपय वन उपभोक्ता समूह र समितिमा अहिले पनि जिम्मेवारी, पारदर्शिता र सहभागितासम्बन्धी समस्या रहेको स्वीकार गर्नुभयो । "आम्दानी त बढ्दै छ, तर गरिबको होइन," कार्यक्रमप्रति उहाँले टिप्पणी गर्नुभयो ।

अधिराज्यका पहाडी र मध्यपहाडी भेगका सामुदायिक वन बढी सफल मानिन्छन् । सामुदायिक वन संरक्षण र विकासका लागि अमेरिका, अस्ट्रेलिया, ब्रिटिश, जर्मनी, स्वीस र नेदरल्याण्ड सरकारले ५८ जिल्लामा आर्थिक सहयोग गर्दै आएका छन् । ७३ जिल्लामा यो कार्यक्रम पुगेको छ । ♦